annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३२७ पृष्ठ ८ | काठमाडौं, बिहीबार २१ चैत २०८१ | चैत्र शुक्लपक्ष पञ्चमी, नेपाल संवत् ११४५ | THURSDAY, APRIL 3, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# आगलागीबाट ५ वर्षमा ४७६ को मृत्यु


## ८,७१८ घरगोठ जलेर नष्ट, १२ अर्बको क्षति

सुक्खा मौसम सुरु भएसँगै देशभर आगलागीका घटनाहरू बढ्दै गएका छन् । वनमा लागेको आगो फैलिएर बस्तीमा पुग्दा सयौं घर जोखिममा छन् । बितेको पाँच आर्थिक वर्षमा देशभर आगलागीमा परेर ४ सय ७६ जनाको मृत्यु भएको छ । २ हजार ५४ जना बेपत्ता छन् । १२ अर्ब ८५ करोड ६७ लाख ९ हजार १ सय ६ रुपैयाँ भौतिक क्षति भएको छ ।

केशरराज क्षेत्री | *बुटवल*

– को रिपोर्ट

समाचार पृष्ठ २




चैतको पहिलो साता बागलुङको तीनवटा सामुदायिक वनमा भएको आगलागी । ● अन्नपूर्ण

# स्वतन्त्रताका नाममा हुने हिंसा, तोडफोड, आगजनी र लुटपाट निषेध छ : राष्ट्रपति



**काठमाडौं** (अन्नपूर्ण) : राष्ट्रपति रामचन्द्र पौडेलले संविधानले दिएको अधिकार प्रयोग गर्दा लोकतान्त्रिक संस्कार र संस्कृति विर्सन नमिल्ने बताएका छन्। राष्ट्रपति पौडेलले रेडियो नेपालको हीरक महोत्सवलाई बुधबार सम्बोधन गर्दै लोकतन्त्रमा जनताको अभिमत सबैभन्दा ठूलो हुने र संविधानको व्यवस्था, मर्म र भावना भुले नेपाली जनतालाई स्वीकार्य नहुने बताए।

उनले भने, 'संविधानले दिएको अधिकार प्रयोग गर्दा हाम्रै संविधानले एउटा लोकतान्त्रिक संस्कृति र संस्कारको अपेक्षा गरेको छ भन्ने पनि हामीले विर्सन हुन्न। र, लोकतन्त्रमा जनताको अभिमत सबैभन्दा ठूलो हो। संविधानको यो व्यवस्था, मर्म र भावना हामीले भुल्यौं भने नेपाली जनतालाई स्वीकार्य हुने छैन।'

राष्ट्रपति पौडेलले नेपालको संविधानले नागरिकलाई आफ्नो विचार अभिव्यक्त गर्ने निर्वाध स्वतन्त्रता प्रदान गरेको बताए। उनले भने, 'तर स्वतन्त्रताको नाममा हिंसा, आगजनी, लुटपाट र तोडफोड गर्ने कार्य सर्वदा निषेधित छ। यस्तो प्रकृतिको घटना हुन नदिन सबै गम्भीर बन्नुहुनेछ भन्ने मैले विश्वास लिएको छु।'

» बाँकी पृष्ठ ६




नयाँ वर्ष २०८२ को अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दै हुन्डाईको हरेक खरीदमा आकर्षक नगद छुट, बीमा तथा सडक कर सहितको उत्कृष्ट अफरहरु पाउनुहोस्।

HYUNDAI परिवार | HYUNDAI नेपाल | MADE FOR YOUR JOURNEY | HYUNDAI

Laxmi InterContinental Pvt. Ltd.
(An ISO 9001:2015 Certified Company) an entity of Laxmi Group Nepal

**Hyundai Call Center No.:** 01-5970226

**Dealership:**
**Bhaktapur:** : 01-6635266, 6637147, 9801201016, **Naxal:** 01-4513934, 4513942, 9801201082,
**Thapathali:** 01-5911553, 5911554, 5911556, 5911457, 5911558, 5911568, 9801239277, **Thapathali-EV:** 01-5912626, 5913636, 9801239277
**Bhairahawa:** 071-575428, 9802608803, 9802608801, **Bharatpur:** 056-522776, 9801353761, 9801353765, **Biratnagar:** 021-466609, 9802369313, **Birtamod:** 023-541495, 9802672044, 9802672041,
**Butwal:** 071-415278, 9801943959, 9801943958, **Dang:** 082-563634, 9801347966, 9801347967, **Dhangadi:** 091-524492, 9802540105, **Hetauda - Birgunj:** 057-520200, 9802641982, 9802641989,
**Itahari:** 025-588486, 9801239293, **Nepalgunj:** 081-550427, 9802546481, **Pokhara:** 061-537426, 9801201010, 9801240155